श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नार्पाभूमी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
च्याखुँ , मनाङ ।

मिति : २०८१।०५।९

विषय :- आ.ले.प. प्रतिवेदन पेश गरेको बारे ।

प्रस्तुत विषयमा नार्पाभूमी गाउँपालिकाको आ.व. ०८०/०८१ को आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरि आन्तरिक लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

२०८१/०५/०९

आन्तरिक लेखापरीक्षण सहायक
चिरन्जीवी सिग्देल

# आन्तरीक लेखा परीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका, च्याँखु ,मनाङ

# आर्थिक वर्ष २०८०/८१

## आन्तरीक लेखा परीक्षण शाखा

नार्पाभूमी गाउँपालिका ,च्याखुँ मनाङ ।

# आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०८०।२०८१

## .कार्यालयको नामः  नार्पा भूमी गाउंपालिका गाउंकार्यपालिकाको कार्यालय

**१. प्रतिवेदनको अवधिः २०८०/०८१**

**२. कार्यालय प्रमुखको नामः**

**१. महेश पाखिन** ( **मिति २०८०।०४।०१ देखि २०८०।०५।१५ सम्म**)

२ भिमकान्त भण्डारी ( **मिति २०८०।०५।१६ देखि २०८१।०३।३१ सम्म**)

**३. आर्थिक प्रशासन शाखा प्रमुखको नामः १.** खिल बहादुर कुमाल  ( मिति २०८०।०४।०१ देखि २०८१।०३।३१ सम्म)

**४. लेखापरीक्षणको क्रममा देखिएको संक्षिप्त विवरण**

**तयार गर्ने -  चिरञ्जीवी सिग्देल ( आन्तरिक लेखापरिक्षक)**

# आय व्ययको विवरण २०८०/०८१

| नार्पाभुमि गाँउपालीकाको कार्यालय, मनाङ्ग | | | | | |
|---|---|---|---|---|---|
| आम्दानी खर्चको विवरण | | | | | |
| आर्थिक वर्ष २०८०।०८१ | | | | | |
| सि.नं | आयतर्फ | | | व्यय तर्फ | |
| | विवरण | रकम | | विवरण | रकम |
| 1 | **गत वर्षको मौज्दात** | ***109495592.88*** | 1 | **चालु खर्च** | **48969076.76** |
| | क)नगद | 0.00 | | क)चालु खर्च (गाउँपालिका तर्फ) | *37426862.12* |
| | ख) संचित कोष | 100612708.33 | | ख)चालु खर्च( सशर्त) | *11542214.64* |
| | ग)बिभिध खर्च खाता | 768942.50 | 2 | **पुंजीगत तर्फ** | ***70962477.00*** |
| | घ)प्रकोप मा मौज्दात | 4293895.97 | | क) गाउँपालिका तर्फ | 52018520.00 |
| | ङ)धरौटी | 3711998.08 | | ख)गाउँपालिका (कृषि) | *1220851.00* |
| | च) राजश्व बाँडफाँड खातामा | 108048.00 | | ग)सशर्त( संघ) | *15208393.00* |
| | | | | घ)सशर्त( प्रदेश) | 2514713.00 |
| 2 | **राजश्व (आन्तरीक आय)** | ***2053503.16*** | 3 | **सामाजिक सुरक्षा (खर्च)** | **4614696.00** |
| | क)घर बहाल बाट प्राप्त | 0.00 | 4 | **बेरुजु (खर्च)** | **0** |
| | ख) ठेक्का बाट प्राप्त राजश्व | 108000.00 | 5 | **प्रकोप व्यवस्थापन कोष खर्च** | **122157.00** |
| | ग) | | 6 | **सर्शत फिर्ता)** | ***21344151.36*** |
| | घ) परिक्षा शुल्क बाट प्राप्त | 0 | | क) चालु बाट | *17742745.36* |
| | ङ)डोजर सञ्चालन भाडा | 959600.00 | | ख) पुंजीगत बाट | *3601406.00* |
| | च)अन्य आय | 713903.16 | 7 | **धरौटी खर्च** | ***260414.00*** |
| | छ) बेरुजु बाट प्राप्त आय | 272000.00 | 8 | **मौज्दात** | ***126399589.47*** |
| 3 | **वित्तीय हस्तान्तरण (संघ)** | ***110709472.00*** | | क)नगद मौज्दात | |
| | क) वित्तीय समानिकरण अनुदान | 65100000.00 | | ख)बैक मौज्दात बाडफाड बाट प्राप्त खाता | 0.00 |
| | ख)सर्शत अनुदान (चालु) | 29284960.00 | | ग)बैक मौज्दात विविध खर्च | 0.00 |
| | ग)समपुरक | 0.00 | | घ)ने.बै.लि चालु | 0.00 |
| | घ)सशर्त अनुदान (पुँजीगत | 10300000.00 | | ङ)ने.बै.लि पुजिगत | 0.00 |
| | ङ)बिषेश अनुदान | 6024512.00 | | च)आन्तरिक राजश्व खाता | 0.00 |
| 4 | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **6211655.00** | | ज)संचित कोष खाता | 118170292.42 |
| | क) वित्तीय समानिकरण अनुदान | 194100.00 | | झ)धरौटी मौज्दात | 4057558.08 |
| | ख)विशेष अनुदान | 3000000.00 | | ञ)प्रकोप व्यवस्थापन कोष | 4171738.97 |
| | ग)समपुरक अनुदान | 3017655.00 | | | |
| 5 | **राजश्व वाडफाड बाट प्राप्त** | **38600668.57** | | | |
| | राजश्व वाडफाड बाट प्राप्त (सघं) | 38226454.57 | | | |
| | राजश्व वाडफाड बाट प्राप्त (प्रदेश) | 374214.00 | | | |
| 6 | **सामाजिक सुरक्षा कोष** | **4614696.00** | | | |
| 7 | **धरौटी आय** | ***605974.00*** | | | |
| 8 | **बिबिध खर्च खाता** | **380999.98** | | | |
| 9 | **अन्य आय(बेरुजु बाट)** | ***0*** | | | |
| | **जम्मा** | ***272672561.59*** | | | ***272672561.59*** |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – <br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २३ सभा<br>सदस्य, ८३७.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४२ ( २०७८ को जनगणना अनुसार) ३९६ जना जनसंख्या रहेको छ । | |
| १. | **वित्तीय विवरण** – <br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालय लगायतका अन्य सबै शाखावाट संकलित राजस्व दैनिक रूपमा बैक दाखिला गर्नुपर्ने देखिएको । | |
| | | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणालीका लागि खर्च मापदण्ड तयार गरि लागु गरेको पाईयो । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ भित्र बजेट पारित गर्नुपर्नेमा यस पालिकाले २०८१ असार १० मा नै बजेट पेश गरेको छ ।<br>• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्ने ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै आय कम्प्युटर प्रणाली मार्फत गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने देखिएको।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरे ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्ने देखियो ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने । | |

| | | |
|---|---|---|
| | • गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गर्नुपर्ने ।<br>• वडा तथा शाखाहरूवाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडा तथा शाखागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेकोमा यसलाई सुधार गर्नुपर्ने देखिएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्ने लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएकोले उक्त समिति गठन गर्नुपर्ने ।<br>• गाउँपालिकावाट आन्तरिक आयका विभिन्न दरहरु गाउसभावाट स्वीकृत गरी वडा तथा कार्यालय<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा गाउँपालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राख्नुपर्ने देखिएको ।<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण<br>उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले यसलाई नियमीत बनाउनुपर्ने देखिएको।<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको अभिलेख राख्नुपर्ने ।<br>• तसर्थ यसलाई आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यबस्था रहेकोमा पालिकाले खरिद इकाई गठन गर्नु पर्ने देखिन्छ ।<br>• स्थानिय सरकार संचालन ऐन , २०७४ को दफा ७८ बमोजीम स्थानिय तह बाट संचालित योजना तथा कार्यक्रमहरुलाई प्रभाबकारी , दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्नेमा गा.पा. बाट संचालित कार्यक्रमा सार्वजनिक परीक्षण गरेको पाईएन । | |

| | | |
|---|---|---|
| ३. | **योजना र कार्यान्वयन** -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष वजेट छुट्याएका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ० | |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ८ | १८२००००\|०० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | १० | ५४०००००\|०० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २१ | १६७०००००\|०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ९ | १८६०००००\|०० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ९ | ३३०३९२२५\|०० |
| | **जम्मा** | **५७** | **७५५५९२२५\|००** |

४. **चौमासिक पूँजीगत खर्च** -

आर्थिक वर्ष २०८०।८१ को चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**पुँजीगत गाउँपालिका अन्तर्गतको बजेटः- रु ७९७०१७००|००**
**पुँजीगत सशर्त अन्तर्गतको बजेटः- रु ४९२००००० |००**
**पुँजीगत जम्मा बजेटः- रु १२८९०१७००|००**

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| पूँजीगत खर्च(सशर्त समेत) | ७०९६२४७७ | **८३७७६६०** | **७२२०००** | **६१८६२८१७** | **६११५९३७९** |
| खर्च प्रतिशत | ५५.०५ | ११.८० | १.०२ | ८७.१८ | ८६.१९ |

| | | |
|---|---|---|
| | नोटः माथि चौमासिक खर्चको प्रतिशत कुल खर्च को आधार मा निकालिएको छ र कुल खर्च भने बजेटको आधारमा निकालिएको छ ।<br><br>**चालु गाउँपालिका अन्तर्गतको बजेटः- रु ५७७३००००।००**<br>**चालु सशर्त अन्तर्गतको बजेटः- रु २९३००००००।००**<br>**चालु जम्मा बजेटः- रु ८७०३००००।००**<br><br>**चालु कुल बजेटः-** | |

| चाँलु खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| चाँलु खर्च | ४,८९,६९,०७६.७६ | १,१९,४१,००४.०० | ५६,५७,८३६.९२ | ३,१३,७०,२३५.८४ |
| खर्च प्रतिशत | ५६.२६ | २४.३९ | ११.५५ | ६४.१ |

नोटः माथि चौमासिक खर्चको प्रतिशत कुल खर्च को आधार मा निकालिएको छ र कुल खर्च भने बजेटको आधारमा निकालिएको छ

**समग्र गा.पा को खर्च मा भएको चौमासिक विवरणः-**

**जम्मा कुल बजेटः-** २१,५९,३१,७००.००

| समग्र खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| समग्र खर्च | ११,९९,३१,५५३.७ (५५.५४%) | २,०३,१८,६६४.०० (१६.९५ %) | ६३,७९,८३६.९२ (५.३२%) | ९,३२,३३,०५२.८४ (७७.७४%) |

नोटः माथि चौमासिक खर्चको प्रतिशत कुल खर्च को आधार मा निकालिएको छ र कुल खर्च भने बजेटको आधार मा निकालिएको छ।

५

**सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने । साथै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिएको] .

६

## पूँजीगत खर्चको स्थितिः

कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९८ मा अमानतवाट रु १ लाख सम्मको खर्च गर्न सक्नेमा पटक पटक गरी कार्यालयले अमानतवाट खर्च गरेको छ भने खर्चको ठुलो रकम उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ । उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धैरै कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।

| क्र.सं. | उपशीर्षकको नाम | खरिद विधि | संख्या |
|---|---|---|---|
| १ | नार्पाभूमी गाउँपालिका पुँजीगत, संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम, गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | खुला बोलपत्रवाट | ३ |
| | | सिलबन्दी दरभाउपत्रवाट | १ |
| | | सोझै | |
| | | अमानतवाट | |
| | | उपभोता समिति वा लाभग्राही समुदायवाट | **५३** |
| | | गैर सरकारी संस्थावाट | |
| | | कन्टीन्जेन्सीवाट | |
| | | **जम्माः** | ५७ |
| अन्तर सरकारी अख्तियारी तर्फको पुँजीगत खर्चको विवरण | | | |

७

**ठेक्का बन्दोवस्त -**

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | | | | | | | | |
| १.वागल खोलामा RCC तटबन्ध निर्माण (सघिय बिशेष अनुदान) | | ६०,२४,५१२.०० | | | | | | ६०,२४,५१२.०० |
| २.नाभूमि गा.पा.को केन्द्रसम्म पुग्ने सडक(नेपाल सरकार शशर्त अनुदान) | | १६,४५,३५६.०० | | | | | | १६,४५,३५६.० |
| ३. मेता देखि धर्म साला सम्म पर्यटकिय पदमार्ग निर्माण वडा नं २ (प्रदेश समपुरक) | | ४५,७३,०२८.०० | | | | | | ४५,७३,०२८.० |

८.

निर्माण कार्य व्यवस्थापन -

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५७ | ३ | १,२२,४२,८९६.० | ५४ | ६,३३,१६,३२९.० |
| | | | | |

९. परामर्श सेवा खरिद -

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | Preparation of DPR for construction of tashi Lhakhang gompa . | Barbara engineering consultancy pvt.ltd. | ५००००० \| ०० | ३,०३,९७०.०० | | Quatation |
| २ | Preparation of DPR for construction of samdrup Gompa | Eagles solutions Pvt.Ltd. | ५००००० \| ०० | ३,०१,१७०.०० | | Quatation |
| ३ | Feasibility study of primary Gateway Bridge to Narpa Bhumi rural municipality over marsyangdi river | Codenix Engineering consultancy Pvt.Ltd. | ५००००० \| ०० | ४,८९,७१९.०० | | Quatation |
| ४ | Consulting services for compact rural settlement and land use plan study at ward no 04 kyang | Infrarch engineering services | १०००००० \| ०० | ८,४९,३०८.०० | | Quatation |
| ५ | Detailed feasibility study report of meta khola micro hydropower project. | Global Era Engineering consultancy | ५००००० \| ०० | ४,९३,८१०.०० | | Quatation |
| ६ | Consulting services to procure service for preparation of periodic plan and Mid Term Expenditure Framework (PPMTEF) | Head Light Pvt.Ltd | १५००००० \| ०० | १४,४९,२२५.०० | | Quatation |
| | जम्मा | | | ३८,८७,२०२.०० | | |

१०. दरबन्दी र पदपूर्ती -

| क्र.स. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | प्र.प्र.अ. | १ | १ | | | ० |
| २ | ७।८ औ | ४ | | | | ४ |
| ४ | ६ औ | ३ | | | | ३ |
| ५ | ५ औ | १९ | ६ | १ | | १२ |
| ६ | ४ औ | १८ | १० | ४ | | ४ |
| जम्मा | | ४५ | १७ | ५ | | २३ |

**सेवा प्रवाह को अबस्था** -

| विवरण | सेवा संख्या | जम्मा |
|---|---|---|
| जन्म दर्ता | १.नार वडा(१ २ ३) ७<br>२.फु वडा (४ ५) १२ | १९ |
| मृत्यु दर्ता | १.नार वडा(१ २ ३) ४<br>२.फु वडा (४ ५) ३ | ७ |
| बसाईसराई दर्ता | १.नार वडा(१ २ ३) ०<br>२.फु वडा (४ ५) ७ | ७ |
| विवाह दर्ता | १.नार वडा(१ २ ३) १<br>२.फु वडा (४ ५) १ | २ |
| सम्बन्ध विच्छेद दर्ता | १.नार वडा(१ २ ३) १<br>२.फु वडा (४ ५) १ | २ |

**स्वास्थ्य तर्फ-**

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|
| अस्पताल | 0 | ० | ० | |
| स्वास्थ्य केन्द्र/चौकी | १.नार स्वास्थ्य चौकी | ३ | ३ | २१६ |
| | २.फु स्वास्थ्य चौकी | २ | २ | १८० |

शिक्षा तर्फ

**<u>विद्यालय शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याः</u>** विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ। विद्यार्थी संख्याको घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गरी पालिकाको आर्थिक व्यय भार कम गर्नुपर्दछ । कम विद्यार्थी भएका विद्यालयहरू निम्न छन् ।

| सि.न | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या | कार्यरत शिक्षक,शिक्षिका |
|---|---|---|---|---|
| १ | नार आधारभुत विद्यालय | **१ देखि ५ सम्म** | १० | २ जना प्रा.वि. ( स्थायी)<br>१ जना बालबिकास<br>३ जना मन्टेश्वरी |
| २ | फू आधाभुत विद्यालय | **१ देखि ५ सम्म** | ६ | २ जना प्रा.वि.(१ जना शिक्षक फागुन १ मा सरुवा )<br>१ जना अस्थायी<br>२ बालबिकास |

## देखिएका कैफियत हरु

### चालु तर्फ

१. भौ न ३६, ३८ ,३९ ,८७ ,१५५ ,२०२ र २८७ मा इन्धन को भुक्तानी गर्दा लक बुक बिना भुक्तानी देखिन्छ । (लक बुक राखि भुक्तानी गर्नुपर्ने ब्यबस्था रहेकोमा लक बुक बिना भुक्तानी भएकाले सुधार गर्नुपर्ने ।)

२. गो भौ न ३४ ,४१, ११६, २१२ र २१५ ( मागफारम खरिद आदेश दाखिला पुरा गरि भुक्तानी गर्नु पर्ने ब्यबस्था भएको मा उक्त ब्यबस्था अनुरुप माग फारम खरिद आदेश दाखिला प्रक्रिय पुरा गरि भुक्तानी हुनुपर्ने )

३ भ्रमण खर्च नियमावली २०७२ अनुसार कुनै ब्याक्ती ले भ्रमण गरेपछि स्वीकृतको आधारमा भुक्तानी पाउने ब्यबस्था रहेको ले स्वीकृत बिल बिना भुक्तानी भएको देखिन्छ । साथै भ्रमण प्रतिबेदन लाइ अनिवार्य गर्नुपर्ने देखिन्छ।

४ सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरी मर्मत गराउने कानुनी ब्यबस्था भएकोमा कानुनी ब्यबस्था अनुरुप नभएकाले सुधार गर्नुपर्ने देखिएको।

५ गो भौ न ३११ मा भ्रमण बिल भुक्तानी हुदा दुइपटक एउटै बिल भुक्तानी भएको देखिन्छ । रिता शर्मा बाट रु २६०००|०० दाखिला हुनुपर्ने ।

### शसर्त चालु तर्फ

१ गो भौ न १३६ मा बिद्यालयको शिक्षक को तलब तथा पोषाक भुक्तानी माग भएको भन्दा बढि रु ३९०००|०० भुक्तानी भएको देखिन्छ।

२ गो भौ न १३२ मा श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सचालन शिर्षक बाट माग भन्दा बढि भुक्तानी भएको रु ६९४८|०० रुपैया चोकी ढोल्कर लामा बाट असुल गर्नु पर्ने ।

### पुजीगत खर्च तर्फ

१ गो भौ न १९ हेवी इक्यूमेन्ट बाट रु ३१६४० बराबर को रकम फोटोकपी बिलको आधारमा भुक्तानी गरेको ।

२ गो भौ न २७ हेवी इक्यूमेण्ट बाट रु १३१०८०|०० रकम बराबर को रकम कन्ट्रक्सन सोलुसन प्रालि लाइ भुक्तानी देखिन्छ । कोटेशन निबेदन लगायतका आबश्यक कागजात बिना भुक्तानी भएको । प्रकृया पुरा गरी मात्र भुक्तानी

गर्नु पर्ने ।

३ गो भौ न ४९ मा ४ न वडा कार्यालय भवन ग्राउन्ड फिलिङ योजना मा कर कट्टि नगरी भुक्तानी भएको देखियो अग्रीम कर रु २९५०|०० ढुवानी कर १८३५|०० र सा सु कर रु ७४५२|०० गरि जम्मा रु १२२३७|०० ४ न वडा कार्यालय भवन ग्राउन्ड फिलिङ योजना उस बाट असुल हुनु पर्ने ।

४ गो भौ न ५१ क्याङ गुम्बा फिनिसिङ योजना मा कर कट्टि नगरी भुक्तानी भएको देखियो अग्रीम कर रु २५००|०० ढुवानी कर ३८९०|०० र सा सु कर रु १३७१०|०० गरि जम्मा रु २०१००|०० क्याङ गुम्बा फिनिसिङ योजना उस बाट असुल हुनु पर्ने ।

५ गो भौ न ५२ फू सामुदायिक गुम्बा किचेन फिनिसिङ योजना मा कर कट्टि नगरी भुक्तानी भएको देखियो अग्रीम कर रु ७३०|०० ढुवानी कर १८६५|०० र सा सु कर रु ३१६५|०० गरि जम्मा रु २२५४५|०० क्याङ गुम्बा फिनिसङ योजना उस बाट असुल हुनु पर्ने ।

६ गो भौ न ५४ भ्रासाङ भिर कटिङ योजना मा कर कट्टि नगरी भुक्तानी भएको देखियो सा सु कर रु १४०४०|०० भ्रासाङ भिर कटिङ उस बाट असुल हुनु पर्ने ।

७ गो भौ न ५५ फु गेटको भिर कटिङ योजना मा कर कट्टि नगरी भुक्तानी भएको देखियो सा सु कर रु ९६००|०० फु गेटको भिर कटिङ उस बाट असुल हुनु पर्ने ।

पुजीगत खर्च (कृषी)तर्फ

*बिभिन्न कृषी सामाग्री बिउ ,मल, टनेल बितरण गरेको देखियो तर यसलाइ पुष्टि गर्ने भरपाइ फोटो जस्ता थप प्रमाणित कागजातहरु राख्नु पर्ने देखियो ।

*टनेल निर्माण कार्य लाइ थप प्रमाणित गर्ने कागजात फोटो ,कार्यसम्पन्न प्रतिबेदन ,जस्ता प्रमाणित कागजात संलग्न गरि भुक्तानी दिनुपर्ने मा त्यसो गरेको पाइएन । यस्ता योजना मा थप प्रमाणित गर्ने कागजात फोटो ,कार्यसम्पन्न प्रतिबेदन ,जस्ता प्रमाणित कागजात संलग्न गरि भुक्तानी दिनुपर्ने।

****